# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं ज्येष्ठ ३२ गते २०११ साल [ संख्या ४३


भाग १

## श्री ५ महाराजाधिराजको भाषण

मिति–२०११–२–२५–२ मा

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत, ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर–इनचीफ फिल्डमार्शल श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

सल्लाहकार सभाका माननीय अध्यक्ष तथा सदस्यहरू !

आज यस नयाँ संगठित सल्लाहकार सभाको अधिवेशनमा तपाईहरूलाई स्वागत सम्बोधन गर्न पाउँदा मलाई खुशी लागेको छ देशका विभिन्न भागबाट एकत्रित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनुभएका तपाईंहरूले देशका विभिन्न समस्याहरूमाथि विचार विमर्श गरी देशलाई अगाडि बढाउने देशलाई सुखी र समृद्ध बनाउने कुरामा मलाई सल्लाह र सहायता दिनुहोला भन्ने लागेको छ। देशमा आएको ठूलो राजनैतिक परिवर्तनपछि देशलाई प्रजातान्त्रिक पद्धतितिर डाल्दै लैजाने मेरो दृढ इच्छा र अभिलाषा तपाईंहरूलाई विदितै छ। तर, यस तीन वर्षको अवधिभित्र देशमा जुन प्रकारको राजनैतिक सद्भावनाको आवश्यकता थियो, जुन प्रकारको सामूहिक प्रयासको आवश्यकता थियो, त्यो हुन सकेन; त्यो दोष सबै नेपालीको हो। मुलुक कुनै व्यक्तिविशेष, दलविशेष वा वर्गविशेषको नभै सबैको साझा हो र त्यसको उन्नतिमा र अवनतिमा हामी सबै एकनासबाट प्रभावित हुन्छौं, त्यसमा पनि कुनै संदेह छैन। व्यक्ति र दलको मात्र ध्यान नराखी देशको सामूहिक उन्नति र विकाश समग्र देशवासीहरूको कर्तव्य हुनुपर्ने हो। परिवर्तन भएपछिका यस तीन वर्षका अवधिमा सरकार गठित गर्नेबारे विभिन्न प्रकारका प्रयोगहरू भए। तर, कुनै पनि स्थायी रहन नसकेकोले देशमा जुनमात्रामा उन्नति हुनुपर्दथ्यो त्यति देशले उन्नति गर्न सकेन, गरेन वा गर्न पाइएन। सर्वप्रथम दुइ दलको संयुक्त सरकार बन्यो, आपसको खिचातानी र एउटाले अर्कोमाथि दोषारोपण गर्नाले अन्त्यमा त्यसको विघटन भयो। त्यसपछि एक दलीय सरकार बन्यो र त्यस बेला केही काम होला भन्ने आशा राखिएको थियो र प्रथम सल्लाहकार सभाको अधिवेशन पनि त्यसै बेला आह्वान गरिएको थियो, तर, त्यसले केही कामगर्नुभन्दा अगावै जुन दलको सरकार थियो, त्यसैमा आन्तरिक कलह उत्पन्न भएकाले त्यो सरकार पनि विघटित भयो र साथै सल्लाहकार सभा पनि। बाध्य भएर मैले शासन आफ्नै हातमा लिनुपर्‍यो र केही परामर्शदाताहरूका सल्लाहबाट केही महिना शासन चल्यो। मलाई आशा थियो, त्यस अवधिभित्र विभिन्न राजनैतिक दलहरूमा सौहार्द र सद्भावना उत्पन्न भै देशको राजनैतिक वातावरणमा केही परिवर्तन आउनेछ कि भनी, तर त्यस अवधिभित्र विभिन्न प्रयासहरू चले तापनि सफल हुन सकेनन्। एकातिर मेरो शरीर—स्वास्थ्य दिन दिन बिग्रँदै गयो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र उपचारका लागि मैले विदेश जानुपर्ने पनि आवश्यकता ठहरिन आयो। विभिन्न दलहरू एकत्रित भै सरकार संगठित गर्नेछन् भन्ने मेरो आशा र इच्छामा प्रयास चले तापनि त्यो सम्भव हुन सकेन र स्थितिअनुसार मैले आफ्ना भूतपूर्व प्रधानमन्त्री-लाई फेरि सरकार गठित गर्ने अनुमति दिएँ। त्यसबेला पनि मेरो इच्छा र अभिलाषा त्यही थियो कि विभिन्न राजनैतिक दलहरूले आपसमा सौहार्द र सद्भावना बढाई सरकारमा सामेल भै प्रजातन्त्रको जग बसाली हुर्काउने उत्तरदायित्व बोकून्। मेरा प्रधानमन्त्रीद्वारा त्यस दिशामा बराबर प्रयास गरिए तापनि केही महिनासम्म त्यो सम्भव भएन। अन्त्यमा तीन विभिन्न राजनैतिक दलहरूका नेताहरूसित सम्झौता हुन सक्यो र आजको यो सरकार त्यस प्रयासको फलस्वरूप खडा छ। अरू राजनैतिक दललाई पनि अवसर प्रधानमन्त्रीले दिएकोमा उनीहरूले सो उत्तरदायित्व बोकन स्वीकार गरेनन्।

जनताद्वारा आम निर्वाचनमा चुनिएका प्रतिनिधिद्वारा संगठित सरकार कायम हुन नसकुन्जेल यो अन्तरीम अवधिका निमित्त कुनै न कुनै किसिमको समय सुहाउँदो सरकार आवश्यक छ। विभिन्न दलहरूले 'मै ठूलो, मै ठूलो' भने तापनि जनताका इच्छाको मापदण्डबाट मत नलिइन्जेल कसलाई मैले ठूलो भन्ने, कसलाई मैले सानो भन्ने। अतः सबै दलहरू मिली काम गरेमा यसको स्वतः समाधान हुन जाने हुँदा मैले राष्ट्रीय सरकारमाथि बराबर जोड दिएको हुँ। आजको यस सल्लाहकार सभाको संघठनले मलाई आशा मात्र होइन, विश्वास छ कि सरकार चलाउने जिम्मेदारी अझ विस्तृत रूपले जनताका प्रतिनिधिहरूमा बाँडिन गएको छ। सबैको परिश्रम, सद्भावना र सहयोगको बल पाई हाम्रो सरकारलाई पूर्ण रूपले प्रजातान्त्रिक सिद्धान्तको बलियो जगमा संसदीय पदको बलियो सिढीमा सर्वहिताय अगाडि बढाउँदै लैजाने मेरो दृढ इच्छा छ। देश र दुनियाँको कल्याणका निमित्त यो लक्ष्य यो ध्येयलाई सफल बनाउन सबैको निःस्वार्थसेवा र सहयोगको ठूलो आवश्यकता छ। दुनियाँहरूद्वारा छानिएका प्रतिनिधिको संविधान सभा खडा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएसम्म यस अन्तरीम समयमा पनि बढी बढी मात्रामा दुनियाँहरूलाई सरीक बनाउने तथा संसदीय प्रणालीमा अनुभव गराउने अभिप्रायले यो सभाको निर्माण भएको हो। देशको निम्ति यस किसिमको व्यवस्था नौलो नभएकोले भरखर मात्र आएको प्रजातन्त्रलाई जगाउन, दुर्काउन र सुदृढ तथा सबल बनाउन यो सभाका सदस्यहरूको ठूलो हात तथा जिमेम्दारी रहनेछ। पुरानो सल्लाहकार सभाभन्दा यसलाई बृहत्तर तुल्याई सबै क्षेत्र, वर्ग र दलहरूको प्रतिनिधिहरूलाई समावेश गराउने मेरो इच्छाअनुसार मैले आह्वान गरेकोमा केही दल र व्यक्तिहरूले यसमा भाग लिन मन्जूर गरेनन्। सरकारको स्वस्थ आलोचना गर्ने अवसर मैले दिंदादिंदै पनि त्यो अवसर नलिएकोमा उत्तरदायित्व नलिनेकै हो जस्तो मलाई लाग्छ। सदस्यहरूले निःस्वार्थ देशसेवाको भाव तलाई सदैव अगाडि राखी परस्परको ईर्ष्या द्वेष, वैमनस्यलाई पर सारी मैत्रिभावनालाई अपनाई खाली देश र दुनियाँको बृहत्तर उन्नति र भलाईको लागि मात्र ध्यान दिई आफ्नो कर्तव्य पालन गर्नेछन् भन्ने मेरो ठूलो आशा छ। देशमा शुद्ध प्रजातान्त्रिक संसदीय प्रणालीको जग बसाल्न र बढाउन तपाईंहरू लाग्नुहुनेछ भन्ने मेरो अर्को आशा छ। सत्य र स्वार्थरहित आलोचनाद्वारा देशको उन्नति र भलाईको काममा मेरो सरकारलाई सहयोग र सहायता गर्नु यो सभाको मुख्य काम हुनेछ।

वर्तमान जगतमा कुनै पनि राष्ट्रले अकेला पृथक् भएर जिन्दगी विताउन सक्दैन भन्ने कुरा निर्विवाद छ। पारस्परिक सहयोग गरी निकटतर सम्बन्ध स्थापना गरी सबै राष्ट्रहरूले मानव मात्रको भलाइको ख्याल लिई प्रगतिमार्ग पकडी उन्नति गर्नुपर्दछ भन्ने युगको माग छ। अतएव हामीले पनि त्यही मार्ग अवलम्बन गरी सबैसँग मैत्री र सद्भावना स्थापना गरी कुनै गूटबन्दीमा नलागी हाम्रो सार्वभौमसत्तालाई अकुंठित राखी प्रगतिशील भई उन्नति गर्नु छ। यही नीतिअनुसार हामीले विश्वका प्रगतिशील देशहरूसँग मैत्री बढाई उनीहरूको सहायता स्वीकार गरी सर्वतो-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुखी उन्नतिको लागि भरमग्दूर प्रयत्न गर्नुमा नै हाम्रो कल्याण छ। विज्ञानमा उन्नति गरिसकेका स्वीजरल्याण्ड, इङ्गल्याण्ड, अमेरिकाप्रभृति देशबाट विशेषज्ञ तथा त्यस्तै अरू सहायतासमेत प्राप्त गरेका छौं। अनेकन हाम्रा छात्रहरूलाई उक्त देशहरूमा तालीम लिन पठाएका छौं। प्राचीन मित्र पडोसी भारतसँग पनि सोही प्रकारले चाहिने सहायता लिएका छौं। भारतसँगबाट पाएको सहायता हाम्रो भौगोलिक, साँस्कृतिक तथा प्राकृतिक कारणले समेत अरूसँगको भन्दा प्रचुरतर र सो राष्ट्रसित हाम्रो सम्बन्ध निकटतर मात्रामा हुनु हाम्रो दुवै देशको पारस्परिक समान स्थिति ध्येय नीति इत्यादिले नै हो। तथा पडोसीले पडोसीका सुख दुःख सबै कुरामा सरीक भई अरूभन्दा बढ्ता मद्दतगार हुनु स्वाभाविकै तथा हितैको कुरा हो भन्ने निर्विवाद छ। हाम्रो अनेकन नागरिकहरूले विश्व भ्रमण गरी ज्ञान परिवर्धन गरिरहेछन्। विदेशका नागरिकहरू पनि नेपाललाई पारस्परिक सौहार्द र सहानुभूति-दानको निमित्त सचेष्ट छन्। इराक, टर्की, आर्जेनटिन्, जापान, क्यानडाका उच्च व्यक्तिहरू नेपालमा बराबर आएका छन्। हाम्रो छात्रहरू पनि न्यूजिल्याण्ड, अष्ट्रेलिया जापानप्रभृति सुदूर देशमा समेत तालीम लिंदैछन्। पिछडिएका देशले प्रगतिशील देशसँग सहायता लिनु, प्रगतिशील देशले पनि कुनै शर्त वा बन्धनमा नपारी सहायता दिनु युगको कर्तव्य सम्झिएको छ। यसमा नत पिछडिएकालाई सहायता दिएबापत शर्म हुने कुरो हो, नत सहायता लिएबापत कसैले अवहेलना नै गर्न पाउँछ। यस्तो पारस्परिक सहयोगिता मैत्रीपूर्ण सम्बन्धलाई हस्तक्षेप भन्ने नामकरण गर्नु अनधिकृत द्वेषयुक्त अज्ञानपूर्ण विकृत भावनाको परिचय दिनु मात्र हो भन्ने तपाईंहरूलाई विदितै छ। कुनै देशविशेष मात्रको सहायता लिई अरूसँग सम्बन्ध स्थापना नगरेको भए पनि शायद त्यस्तो आक्षेप समुचित हुन्थ्यो। तर, नेपाल विभिन्न राष्ट्रीय संस्था–जस्तो कि, विश्व-स्वास्थ्यसंघ, एक्याफे, युनेस्को, कोलंबो प्लान, यू. एस. ओ. ए. ( प्वाइन्ट फोर ) इत्यादिबाट सहायता लिई रहेछ तथा संयुक्त राष्ट्रसंघको सदस्य हुनलाई सक्रिय छ। नेपालले विलायत, अमेरिका, फ्रान्स, हिन्दुस्थान देशसँग दौत्यसम्बन्ध स्थापना गरिसकेको छ। एवं उक्त-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रको छिमेकीसित पनि हाम्रो सम्बन्ध राम्रो चली आएको छ औ आवश्यकता-अनुसार यी सम्बन्धलाई मजबूत गर्दै अरु देशसँग पनि स्थापना गर्नेछ। नेपालको सार्वभौम सत्ताको सतत संरक्षण गरी सबैसँग मैत्रीभाव स्थापना गरी कसैको प्रभावमा नपरी गूटबन्दीमा नआई, नेपाललाई, अग्रगामी बनाउनु हाम्रो वैदेशिक नीति छ। यस्तो सद्भावनायुक्त सम्बन्धको नीतिलाई जानी बुझी बुझ पचाई कसैले दुर्नाम दिन्छ भने सो सत्यको पारगमण हो भन्ने स्वतःसिद्ध हुनेछ भन्ने आशा गर्दछु।

हाम्रो आर्थिक अवस्था शोचनीय छ तापनि सो सुधार्नको निमित्त यथाशक्ति प्रयत्न भइरहेछ। सबै सम्पन्न देशले पनि चालू राख्न नसकेको चाँदी मुद्राको चलन हाम्रो गरीब देशले गरिरहेको थियो, अब क्यूप्रो निकेलको सिक्का चालु गरिसक्यो, त्यसबाट चाँदीको बचत भई निकै नै लाभ हुने अनुमान गरिएको छ। १९५० को भारत सरकारसँगको वाणिज्य सन्धि लागू गराउन र अन्तःशुल्क फिर्ता गराउनसमेत यथोचित कारबाही भइरहेछ। अन्तःशुल्क फिर्ता हुने भएबाट नै नयाँ ट्याक्स केही नलागी करीब ६० लाखको सरकारलाई थप आय हुने अनुमान गरिएको छ। यो मामुली आयवृद्धि होइन। भन्सारको आय चुहिरहेको रोकनलाई आधुनिक तवरले भन्सार सुधार सम्बन्धमा काम हुन लागिरहेछ। ट्यारिफ बोर्ड खडा भएबाट एउटा मालमा २।३ ठाउँमा भन्सार तिर्नुपर्ने परिस्थिति हट्न गई सर्वसाधारणलाई सुविधासमेत हुने योजना भइसकेको छ।

हाम्रो मुद्राको स्फीति भई अवमूल्यन भयो भन्ने निकै नै खलबली भएको छ। पुरानो शासनमा भरसक कम खर्च गरी बचत चलन चल्तीमा नआई अन्यत्रै जाने हुनाले मुद्रा भाव जस्तो थियो, प्रजातन्त्र भएपछि देशको सबै आय देशमै खर्च हुने भयो. त्यसबाट मुद्रा प्राचुर्य भई तथा क्रयशक्ति जनतामा आई मुद्रा स्फीति भएको हो कि भन्ने अनुमान हुनु अनौठा कुरा होइन। यो बढी मात्रामा चलन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चल्तीमा आएका नेपाली मुद्रा नेपालभर फिंजाएमा र भारतीय मुद्रा चलेको हाम्रो सुदूरपूर्व र पश्चिम पहाडमा पनि नेपाली मुद्रा हालै चलन चल्तीमा आइसकेको छ। तत्पश्चात् देशभरमा चलाउने प्रबन्ध मिलाए ३०।४० करोड नेपाली मुद्रा सजिलैसँग देशमा भिज्ने हुनाले त्यस दृष्टिबाट यथोचित प्रबन्ध हुँदैछ र नेपालको वर्तमान अवमूल्यन स्थायी होओइन भन्ने आशा औ विश्वास गरिएको छ।

स्वास्थ्य–सम्बन्धमा पनि हाम्रो सरकारले आफूसँग भएको साधन र विदेशी सहायताद्वारा निकै नै प्रगति गरेको छ। ३१ वटा नयाँ डिस्पेन्सरी हालै नै थपिने भएको छन्। भारत सरकारबाट नेपालका हस्पतालका लागि बिनामूल्य सामानसहित ५०० वेड प्राप्त भएको छन् मलेरिया, कालाजर, फाइलेरिया इत्यादि नियन्त्रणको लागि विश्वस्वास्थ्यसँघसमेतबाट सहायता मिलेको छ। नर्सट्रेनिंग पनि यथाशीघ्र शुरू हुने भएको छ। आयुर्वेदको पुनरुत्थानको लागि छुट्टै डाइरेक्टर खडा भई कार्य शुरू भइसकेको छ। स्वास्थ्य–सम्बन्धी सार्वजनिक काम गर्ने गैरसरकारी संस्थाहरूलाई पनि यथासम्भव आर्थिक र अरू किसिमको सहायता दिई गैरसरकारी संस्थासमेत खुलाउने प्रोत्साहन दिइएको छ।

नेपालमा शिक्षाको ज्यादै नै अभाव भएकोले सो अभावपूर्तिका लागि सरकारको साधन सीमित भए तापनि यथाशक्ति कारवाही भइरहेको छ। नेपाललाई सुहाँउदो शिक्षा योजना तयार पार्नको निमित्त शिक्षा आयोग खडा भएको छ। पाठशाला नभएका ठाउँमा ३२५ प्रारम्भिक पाठशाला खोल्ने प्रबन्ध भई त्यसमध्ये केहीले सहायतासमेत पाएका छन्।

प्राइभेट पाठशालालाई यथाशक्ति सहायता दिइएको छ। हाइस्कूल, कलेज, संस्कृत महाविद्यालय इत्यादि पनि हालै खुलेका छन्। विदेशमा पढ्न जानेहरूलाई छात्रवृत्ति दिइएको छ। कोलम्बो प्लान, एफ. ए. ओ. प्रभृतिबाट छात्रवृत्ति प्राप्त गरी सयकडौं नेपाली छात्र छात्राहरूलाई विदेशमा उच्च शिक्षा हासिल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न पठाइएको छ। शिक्षा अतिशय महत्वको कुरा हुनाले सरकारले भरसक प्रयत्न गरेको छ तापनि अझै अरू सफलता कसरी हासिल हुन्छ भनी समुचित अन्वेषण गरिँदै

देशको प्राकृतिकसाधन (Natural Resources) र सामाग्रीको निमित्त हाम्रो सरकार भरसक कोशिश गर्दैछ। विभिन्न किसिमको भौमिक, कृषि र खनिज पदार्थ इत्यादि निरीक्षण र आपरीक्षण हुँदैछन्। यो निरीक्षणको काम ज्यादै पारिभाविक भएकोले हाम्रा इञ्जीनियरहरू मात्रबाट हुन असम्भवप्राय थियो। तर, हामीले प्रगतिशील देशसँग सहायता लिने नीति अपनाएको हुनाले नै यो काममा हामीलाई विदेशी विशेषज्ञबाट बहुमूल्य सहायता मिल्यो। गोदावरी, फूलचोकी डाँडामा फलाम पनि फेला पर्‍यो। त्यसबाट नेपालको फलामको माग पूरा हुन सक्ने आशा छ। डाक्टर हागन भन्ने स्वीस विशेषज्ञले 'जियोलजी अफ् नेपाल' भन्ने रिपोर्ट तयार गर्नुभएको छ। त्यसबाट निकट भविष्यमा अरू के के खानीको काम हुन सक्नेछ, जाँच पडताल हुँदैछ। काठमाडौं उपत्यकामा मट्टीकोइलाको केही भागमा उपयोग भएको हो तापनि वैज्ञानिक ढङ्गबाट काम हुँन सकेको थिएन, अब ईंट पोल्ने काममा दाउराको निकै नै बचावट हुने भइसक्यो तथा अरू बढ्ता मात्रामा त्यसको उपयोग गरी जङ्गलको दाउरा बचाई जङ्गल सुरक्षित हुने प्रबन्ध हुनेछ। राप्ती वेशीमा १४ लाख मुरी अन्न उत्पादन गर्ने योजना यथाशीघ्र कार्यान्वित हुने भएको छ। गोरससम्बन्धी काम एफ् ए. ओ. बाट आउनुभएका स्वीस विशेषज्ञ सुल्तेसले सन्तोषजनकतौरबाट गरिरहनुभएको छ। कृषि तथा ग्रामोद्योग विकाशको लागि—'त्रिभुवन ग्राम विकाश योजना' चालू भइसकेको छ। कोशीको बारबाट बच्नेको लागि भारत सरकारलाई कोशीमा बाँध बाँध्ने इजाजत दिएको छ। त्यसबाट हाम्रो देशलाई निकै नै लाभ हुनेछ भन्ने विश्वास गरिएको छ। २० महिनाभित्रमा नै १६०० किलोवाटको विजुलीको थर्मल प्लान्ट काठमाडौंमा चालू हुनेछ। तिलाऊ, सिर्सिया, दुधौरा योजना मध्येशमा महादेव खोला सिंचाई योजना उपत्य-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कामा र ट्यूबवेल योजना इत्यादि कृषिसम्बन्धी योजना पनि चालू भईसकेका छन्। उपर्युक्त विकाशको कामलाई हाम्रो आफ्नो साधन तथा कोलम्बो प्लान टी. सी. ए. एफ. ओ. प्रभृतिबाट प्राप्त सहायता सम्मिलित गराई यथासम्भव शीघ्र सर्वतोमुखी विकाश गराउनको लागि समुचित प्रयत्न भइरहेछ। उपर्युक्त त्रिभुवन राजपथ र सिंचाई योजनालाई जम्मा करीब ४ करोड रुपैयाँ लाग्ने अनुमान भएको छ। औ सो कोलम्बो प्लान-अन्तर्गत भारतद्वारा प्राप्त हुने भएको छ। त्रिभुवन राजपथ निकैनै बनिसक्यो एवं आर्को सिजनदेखि चालु हुने अनुमान गरिएको छ।

यातायात र संचारको असुविधाले पनि देशको उन्नतिलाई प्रचुर मात्रामा बाधा गरेको छ, अतएव त्यसपट्टि पनि सरकारले यथासम्भव ध्यान दिएको छ। सडक निर्माणलाई धेरै खर्च लाग्ने हुनाले र हाम्रो साधन कम हुनाले सडक निर्माण वैदेशिक सहायताबाट गराउने नीति अपनाएको हो। प्राइभेट तवरबाट बाटो बनाउँछौं भन्ने नेपाली नागरिकलाई भरसक सहूलियत दिइएको छ। बडाहाकिमहरूलाई स्थानीय जनताको सहयोगले सडक बनाउनु भनी खास अह्रर भएको छ तथा यथाशक्ति आर्थिक सहायता दिइएको छ। हवाईजहाजको निमित्त लैंडिङग ग्राउण्ड ५।७ ठाउँमा तयार भइसकेका छन्। पहाड औ तराईको सबै प्रमुख स्थानमा लैंडिङग ग्राउण्ड चाँडै बनाउने योजना छ। पाल्पादेखि बुटौल भैरहवासम्म टेलीफोन लाइन विस्तार भइसकेको छ। कोइलावासदेखि दाङसम्म टेलिफोन लाइन विस्तार गर्ने कामका लागि मानिस खटिई सकेका छन् आकाशवाणीका नयाँ १५।१६ छोटा स्टेशन चालू भइसकेका छन्। देशका प्रमुख स्थानमा टेलीफोन या आकाशवाणी बाट हुनछ यथाशीघ्र सम्बन्ध स्थापना गर्ने आयोजना कार्यान्वित हुँदैछ। भारत सीमाना नजीकका प्रमुख नेपाली पोष्टआफिसहरूलाई एक्सचेन्ज पोष्ट आफिसमा परिणत गर्ने बारेमा भारत सरकारसँग चाहिंदो लेखापढी हुँदैछ।

काठमाडौं उपत्यकाभित्र पनि राजधानीमा टेलीफोन बराबर अविच्छिन्न चलिरहन पाउने र कुरामा पनि बिचबिचमा काटिने खपटिने हुन नपाओस् तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथै सर्व आधारणले पनि उपयोग गर्न पाउने हेतुले जमीनभित्रबाट तार लैजाने व्यवस्थाका लागि धमाधम काम हुँदैरही चाँडैनै सो सम्पन्न हुने भएको छ।

उद्योगवाणिज्यमा नेपाल कत्तिको पिछडिएको छ, सो दुःखद कुरा दोहोर्‍याउनु शायद जरूरी छैन। हाम्रो देश पिछडिएको हुनाले कच्चा माल निर्यात हुन्छ। तयारी माल आयात हुन्छ। विराटनगरका २ जूटमिलमध्ये १ जूटमिल बिराटनगर जूटमिल-पाटको भाउ घटी नोक्सान भई केही महिनासम्म गत वर्ष बन्द भयो। त्यसरी एक पल्ट राम्रो सँग चलिसकेको मिल फेल भएमा देशको उद्योगलाई ठूलो आघात पर्ने हुनाले हाम्रो सरकारले सहानुभूतिपूर्वक मिललाई सहायको बन्दोबस्त गरिदिई फेरि चलाएको छ। अर्को मिल रघुपति जूट मिलमा पनि मैनेजिङ्ग एजेन्सीलाई लिएर गत ५।७ वर्षदेखि झगडा भई मिल चल्न सकेको थिएन देशको प्रमुख उद्योग हुनाले र त्यसमा हाम्रो नागरिकको धेरै पैसा फसी सकेको बर्बात हुने जस्तो देखिएकोले झगडा निर्मूल गरी दिई मिल चलाई सेयरहोल्डरको र देशकै समेत कल्याणको खातिर उक्त मिलको म्यानेजिंग एजेन्सी राइट समेत खरिद गरी मिल चलाएको छ। आशा गरिन्छ उक्त प्रमुख दुइ मिल चलेपछि अरू अरू मिललाई पनि उन्नति गर्न सजिलो हुनेछ। नयाँ उद्योग चालु गर्न खोज्नुभन्दा भएकै उद्योगको संरक्षण गर्नु बेहत्तर हुनाले सरकारले यो कदम लिएको हो।

वाणिज्यबारे पनि नेपालको व्यापार धेरैजसो भारतसँग हुने हुनाले भारत नेपाल वाणिज्यसन्धि केही वर्षअगाडि भए तापनि त्यसको परिणति आजसम्म हुन नसकेकोमा त्यसलाई यसै एक महिनाभित्र लागू गराउने व्यवस्था मिलाएको छ।

"हरियो वन नेपालको धन" भन्ने कुरा तपाईंहरू सबैमा विदितै छ। हामीले यस धनको पूर्ण मात्रामा वैज्ञानिक सदुपयोग गर्न सकेका छैनौं। स्थिति सुधार्नको निमित्त भारतबाट वन विशेषज्ञ झिकाई त्यसतर्फ कारवाही गरिंदैछ। विशेषज्ञको रिपोर्ट प्राप्त भएपछि भरसक चाँडो वैज्ञानिक ढङ्गले धनको संवर्धन तथा संरक्षण गर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारको नीतिलाई कार्यरूपमा परिणत गर्ने सरकारले निर्माणात्मक सुझावको निमित्त सबैसँग अनुरोध गरिरहेको छ, गत वर्ष मनाए झैं यस वर्ष पनि वनमहोत्सव मनाउन आवश्यक कारवाही गरिदैछ ।

यही ज्येष्ठ १५ गते तपाईं हामीले जनगणना दिवससमेत मनाइसकेका छौं। पूर्वपट्टिको जनगणना लिने काम २००९ सालमै समाप्त भइसकेको छ। पश्चिमपट्टिको पनि धमाधम भइरहेको कुरा तपाईंहरूमा विदितै छ।

निर्वाचन चिताएको छायमभित्रमा गर्ने कोशिश चलिरहे तापनि अहिलेसम्म हुन नसकेकोमा खेदको कुरा छ। निर्वाचन नेपालको निमित्त अनौठा कुरा हुनाले र हाम्रो प्रजामा शिक्षाको अभाव हुनाले उचित मात्रामा सहयोग नपाएकोले र काम पनि ज्यादनै ठूलो हुनाले समय बढ्ता लाग्न गएको हो। इलेक्सन अफिसरहरूलाई पनि तालीम दिइंदछ। चुनावको निमित्त जिल्लाहरूलाई जनसंख्याको आधारमा वडामा विभक्त गर्ने काम पनि हुने भएको छ। अहिलेसम्म ३०, ८६,१०८ मतदाताको नामावली तयार भइसकेको छ। अब चाँडनै निर्वाचन हुन सक्ने आशा छ।

मालपोत, गुठी, भूमि इत्यादिको जटिल समस्या समाधान गर्नको लागि सम्बन्धित विभागहरू क्रियाशील छन्। क्याडेष्ट्रल सर्भे गर्ने निर्णय भई तत्सम्बन्धित योजना आंशिकरूपले कार्यान्वित पनि भइसक्यो। उक्त सर्भेबाट भूमिसुधार औ मालपोत सुधारलाई पनि प्रशस्त मद्दत मिल्ने आशा गरिएको छ। समस्या अतिशय जटिल औ महान् हुनाले आकांक्षित फल चाँडै मिल्न मुस्किल हुने स्वाभाविकै कुरा हो तापनि यो महान् कार्यमा उचित मात्रामा जनताको समेत सहयोग मिलेमा सफलता प्रत्याशित समयभन्दा पहिल्यै पनि मिल्न सक्ला। भूमिसुधार कमिशनले ३ अधिवेशन गरिसक्यो, आगामी अधिवेशन आगामी आषाढमा गर्ने योजना छ।

ठाउँ ठाउँमा चलिरहेको जिमिदार र किसानको खिचातानी सुल्झाई उचित व्यवस्था कायम राख्नको निमित्त एउटा भूमिसुधार योजना चाँडनै लागू गराउन घुम्ति अदालतहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पठाउन सरकारले कारवाही गरिरहेछ। घुम्ती अदालतका नियमहरू तयार हुनासाथ जिल्ला जिल्लामा सो अदालतहरू पठाई चाँडैनै जिमीदार रैतीको खिचातानी दूर गराउने आज्ञा गरिएको छ।

देशको आभ्यन्तरिक र बाह्य सुरक्षाको लागि राष्ट्रसेनाको र पुलीसको उपयोगिता सर्वविदितै कुरा हो। सेनाको नयाँ दरबन्दी र सेना क्रमीकरण भई पुनर्गठन भई तालीम पाइरहेका कुरा तपाईंहरूलाई विदितै छ। पुलीस पनि राष्ट्रको आन्तरिक सुरक्षा र व्यवस्थाको आवश्यक अंग हुंदा र त्यसको पनि उचित पुनर्गठन वांछनीय हुँदा सो काम धमाधम भइरहेको छ। हाम्रो राष्ट्रको पुलीस संगठनमा विभिन्न प्रकारको इकाईहरू भएकोमा तिनलाई एकीकरणका साथ वर्गीकरण गर्ने काम सुचारूपले चलेको छ। यस सिलसिलामा हाम्रा पुलीसका अफिसरहरूमध्ये एकले माउन्टआबूको ट्रेनिंग कलेजबाट आई. पी. तालीम र अरू आठले मुरादाबाद पुलीस ट्रेनिंग स्कूलबाट तालीम पाई उत्तिर्ण भई आइसकेका छन्।

जिल्ला जिल्लामा शान्ति भंग गर्ने तत्वहरूलाई यथोचित तौरले पक्रन र थुनामा राख्नको लागि बडाहाकिमहरूलाई सुरक्षा कानून प्रयोग गर्ने अधिकार दिइएकोछ।

उक्त अधिकार परिस्थितिको ख्यालले र अत्यावश्यकताको महसूस गर्दै दिइएको हो तापनि प्रधान न्यायालयले त्यसको विरोध गरी त्यस्ता तत्वलाई थुनाबाट छोडिदिई तथा मन्त्रिमण्डलको कार्यकारिणी अधिकार छैन भन्ने फुलवेन्चबाट निरूपण गरिदिएबाट देशमा त्यस्तालाई प्रोत्साहन हुन जाने, सरकारको कार्यकारिणी शक्तिको अपहेलना हुन जाने तथा देशव्यापी विप्लवै हुन जानेसमेत आशंका भई प्रधान न्यायालयको ऐनको संशोधन गर्नुपर्ने आवश्यकता भई उक्त ऐन संशोधन भएको हो। व्यक्तिगत स्वतन्त्रता लोप भयो भन्ने निराधार आलोचनाको खण्डन गर्दै हामीबाट व्यक्तिगत स्वतन्त्रता हरण भएको छैन, सुरक्षित छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने बारेमा २०१० साल फाल्गुन ७ गतेमा घोषणा गरेको थियो। त्यसको समर्थन यहाँ पनि गर्दछु। शासनको हरएक अंग ऐन र कानूनको बन्धनमा चलुन् भन्ने मेरो अभिप्राय हो।

स्थानीय स्वायत शासन— सम्बन्धमा निकै नै प्रगति भएको छ। काठमाडौं, भक्तपुर, ललितपुर, विराटनगर, वीरगञ्जमा नगरपालिका खडा भइसके तथा शीघ्रै नेपालगञ्ज, भद्रपुर, प्रभृतिमा पनि खडा गर्ने योजना छ। करीब ६०० नगर पञ्चायत पनि खुलेका छन्। विराटनगर, वीरगञ्ज जस्ता प्रमुख स्थानमा वाटरयायन्त्र राख्ने पनि योजना तयार भइसकेको छ। म्यूनिसिपल्टी म्यानेजर अफिस खडा गरी म्यूनिसिपल म्यानेजरहरू बनाउने काम पनि भइरहेछ।

राजनैतिक परिवर्तन साथ साथ आउनुपर्ने विधान परिवर्तनको निमित्त पनि 'ल कमिशन' खडा भएको छ। त्यसले नेपालको सबै ऐन सवालहरूलाई आधुनिक तथा प्रजातान्त्रिक ढंगमा ढाली नेपाललाई सुहाउँदो ऐनको विकास गराउने काम शुरू गरिसकेको छ।

नेपाल सरकारको प्रचार विभाग तथा गोरखापत्र, रेडियो नेपाललाई अझै सुचारु रूपले चलाउनको लागि सुझाव दिनु भनी पब्लिसिटी कमिशन गठन भएको छ। आशा गरिन्छ—त्यसको रिपोर्टले निकै नै मद्दत दिनेछ।

नेपालको खास स्थिति सुधार्नेको निमित्त अल्पकालीन तथा दीर्घकालीन दुवै किसिमको सुझाव दिनु भनी खाद्यान्न संकट निवारण समिति गठन भएको छ। उपत्यकामा अन्नसंकट परिआयो भने त्यस्तो परिस्थिति मुकाबिला गर्नको लागि अन्नका भण्डारहरू पनि राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो सरकारले अपनाएको नीति तथा सो नीति कार्यान्वित गर्न बढाएको कदमको दिग्दर्शन गराई अब सरकारले लिएको लक्ष्यको पनि संकेत गराउँदछु। सो लक्ष्य 'न्यूनतम कार्यक्रम' को नामले २०१० साल चैत्र २३ गते गोरखापत्रमा प्रकाश भइसकेको छ।

देशसेवाको भावले प्रेरित भएर यस सभामा सम्मिलित हुनुभएका तपाईंहरू सबैले यी निर्देशक सर्वमान्य खुँदिला सिद्धान्तहरूको सम्मान रक्षाका साथै कार्यान्वित गर्नमा भरमग्दुर सहयोग दिनुहुने नै छ। प्रजातान्त्रिक भावना, कार्यकुशलता इत्यादि विषयको लागि पनि समग्र देशलाई नै तपाईंहरू उदाहरण स्वरूप तथा प्रेरकसमेत हुनुहोला भन्ने आशा गरेको छु।

श्रीपशुपतिनाथले यो सल्लाहकार सभालाई सफल गरून् भन्ने मेरो हार्दिक प्रार्थना छ।

जय नेपाल।

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।